श्री ५ को सरकार

कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०२० सालको ऐन नं. ७

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला ओजस्विराजन्य अति तेजस्वी त्रिभुवन प्रजातन्त्रश्रीपद अति कीर्तिमय नेपालश्रीपद प्रोज्ज्वल नेपालतारा ॐ रामपट्ट अतुलज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबल गोरखा-दक्षिणबाहु महाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

रकम वन्दोवस्त, रकम तहसील र सरकारी ठेक्का सम्बन्धी प्रचलित नेपाल कानूनलाई संशोधन र एकीकरण गर्न बनेको ऐन

प्रस्तावनाः– सर्वसाधारण जनताको आर्थिक हितका लागि रकम वन्दोवस्त, रकम तहसील र सरकारी ठेक्का सम्बन्धी प्रचलित नेपाल कानूनलाई संशोधन तथा एकीकरण गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेकोछ ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यस ऐनको नाम "रकम र सरकारी ठेक्का वन्दोवस्त ऐन, २०२०" रहेकोछ ।

(२) यो ऐन नेपाल भरमलुक लागू हुनेछ ।

(३) यो ऐन २०२० साल भाद्र १ गतेदेखि प्रारम्भ हुनेछ ।

२. परिभाषाः– विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमाः–

(क) "रकम" भन्नाले दफा ३ बमोजिम श्री ५ को सरकारबाट ठेक्का वन्दोवस्त भएको वा हुने काम कुरालाई सम्झनु पर्छ,

(ख) "ठेक्का" भन्नाले यो ऐन र अन्य प्रचलित नेपाल कानून बमोजिम श्री ५ को सरकारका तर्फबाट दिइने ठेक्कालाई सम्झनु पर्छ,

(ग) "टेण्डर" भन्नाले आफ्नो शर्तहरू स्पष्ट रूपमा खुलाई सो शर्तहरूमा ठेक्का लिन कबूल गरी लाहाछाप मारी ठेक्का लिन कबूल गर्ने व्यक्तिले पठाएको दरखास्तलाई सम्झनु पर्छ,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) "बढाबढ वा घटाघट" भन्नाले यस ऐन बमोजिम ठेक्का वन्दोवस्त गर्नका लागि ठेक्का लिन चाहने व्यक्तिहरूबाट डांक बोलाई गरिएको बढाबढ वा घटाघट सम्झनु पर्छ ,

(ङ) "डांक" भन्नाले बढाबढ वा घटाघट हुँदा ठेक्का लिन चाहने व्यक्तिले सो ठेक्काका सम्बन्धमा कबूल गरेको नगदी वा जिन्सीका अङ्कलाई सम्झनु पर्छ ,

(च) "चलन पूर्जी" भन्नाले पट्टा पाउनुभन्दा अगावै ठेक्काका शर्त बमोजिम रकम चलन गर्न वा काम शुरू गर्न अधिकार प्रदान गरी दिइने इजाजत-पत्रलाई सम्झनु पर्छ ,

(छ) "कबूलियत " भन्नाले यो ऐन र अन्य प्रचलित नेपाल कानूनका अधीनमा रही श्री ५ को सरकार र ठेकदारका बीचमा भएको शर्त बमोजिम ठेक्का लिन कबूल गर्दै सो शर्तहरू खुलाई ठेकदारले लेखी दिएको मञ्जूरीको लिखतलाई सम्झनु पर्छ ,

(ज) "पट्टा" भन्नाले यो ऐन र अन्य प्रचलित नेपाल कानूनका अधीनमा रही श्री ५ को सरकार र ठेकदारका बीचमा भएको शर्त बमोजिम ठेक्काको काम गर्न श्री ५ को सरकारले सो शर्तहरू खुलाई ठेकदारलाई दिएको इजाजतपत्रलाई सम्झनु पर्छ ,

(झ) "तोकिएको वा तोकिए बमोजिमको" भन्नाले यस ऐन अन्तर्गतको नियममा तोकिए वा तोकिए बमोजिमको सम्झनु पर्छ ।

३. रकम वन्दोवस्त गर्ने श्री ५ को सरकारको अधिकारः– (१) नेपाल भर मुलुक वा कुनै खास क्षेत्रभित्र कुनै खास चीज वस्तुको एक हट्टी गरी संग्रह गर्न, उत्पादन गर्न वा विक्री वितरण गर्न वा संग्रह, उत्पादन वा विक्री वितरणसमेत सबै वा सोमध्ये केही काम गर्न वा कुनै काम कुराका सम्बन्धमा श्री ५ को सरकारद्वारा निर्धारित दस्तूर असूल गर्न एकाधिकार प्रदान गर्ने गरी श्री ५ को सरकारले यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम ठेक्का वन्दोवस्त गर्न सक्नेछ ।

(२) उप-दफा (१) अन्तर्गत वन्दोवस्त गरिएको ठेक्काबाट ठेकदारलाई प्राप्त भएको हक वा सुविधामा प्रतिकूल प्रभाव पन गरी कसैले कुनै काम गर्न वा गराउन हुँदैन ।

(३) श्री ५ को सरकार बाहेक अरू कसैले कुनै रकमको ठेक्का वन्दोवस्त गर्न गराउन हुँदैन ।

४. टेण्डर आमन्त्रित गर्ने वा बढाबढ वा घटाघट गराउनेः– श्री ५ को सरकारले कुनै रकम वा कुनै अन्य कामको ठेक्का वन्दोवस्त गर्नुपरेमा टेण्डर आमन्त्रित गरी वा बढाबढ वा घटाघट गराई वन्दोवस्त गर्नुपर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. सूचना प्रकाशित गर्नुः– (१) श्री ५ को सरकारले कुनै रकम वा कुनै अन्य कामको ठक्का वन्दोवस्त गर्नुपरेमा देहायका कुराहरू खुलाई ठेक्का शुरू हुने मितिले कम्तीमा तीन महीना अगावै स्थानीय पत्र पत्रिकामा र ठाउं ठाउंमा टांस गरी सूचना प्रकाशित गर्नुपर्छः–

(क) साविकमा ठेक लागिआएको भए कति रुपैयाँ वा के शर्तमा ठेक लागेको हो सो कुरा, र

(ख) अब जुन शर्तहरूमा ठेक्का दिइने हो सो शर्तहरू ।

(२) ठेक्का वन्दोवस्त गर्नका लागि टेण्डर आमन्त्रित गरिएकोमा उप-दफा (१) अन्तर्गतको सूचनामा सो उप-दफाहरूमा लेखिएका कुराहरूका अतिरिक्त देहायका कुराहरू समेत खुलाउनु पर्छः–

(क) टेण्डर पठाउने तरीका,

(ख) टेण्डर पठाउनुपर्ने अड्डा, अफिस वा अधिकारी,

(ग) टेण्डर बापत चाहिने दस्तूर,

(घ) टेण्डर दाखिल हुनुपर्ने समय र मिति, र

(ङ) टेण्डर खोलिने समय, मिति र स्थान ।

(३) ठेक्का वन्दोवस्त गर्नका लागि बढाबढ वा घटाघट गराइने भएकोमा उप-दफा (१) अन्तर्गतको सूचनामा सो उप-दफामा लेखिएका कुराहरूका अतिरिक्त देहायका कुराहरू समेत खुलाउनु पर्छः–

(क) बढाबढ वा घटाघट हुने अड्डा, अफिस वा अन्य कुनै स्थान,

(ख) बढाबढ वा घटाघट हुने समय र मिति, र

(ग) अन्य आवश्यक कुराहरू ।

(४) उप-दफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अपर्झटमा कुनै ठेक्का वन्दोवस्त गर्नुपर्ने भएमा वा एक पटक सूचना प्रकाशित गरी टेण्डर दाखिल वा बढाबढ वा घटाघट भैसके तापनि श्री ५ को सरकारले पुनः टेण्डर आमन्त्रित गर्ने वा बढाबढ वा घटाघट गराउन आवश्यक देखेमा वा बीचमा टुटेको कुनै ठेक्का-लाई फेरि वन्दोवस्त गर्नुपर्ने भएमा कम्तीमा सात दिनको म्याद दिई सूचना प्रकाशित गर्न सकिनेछ ।

६. डिपोजिट राख्नेः– (१) दफा ५ अन्तर्गत प्रकाशित सूचना बमोजिम टण्डर दिने वा बढाबढ वा घटाघटमा डांक बोल्ने व्यक्तिले आफूले कबूल गरेको रुपैयांको अङ्कको सयकडा दश त्यस्तो सूचना प्रकाशित गर्ने अड्डा, अफिस वा अधिकारीका नाममा तोकिए बमोजिम आपनो नगिचको सरकारी माल वा भन्सार अड्डा वा बैङ्कमा डिपोजिट राखी त्यसको सक्कल रसीद, ड्राफ्ट वा नोट टेण्डर दिएकोमा सोहीभित्र

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

खामी पठाउनु र डांक बोलेकोमा डांक बोलाउने अड्डा, अफिस वा अधिकारीकहां दाखिल गर्नुपर्छ ।

(२) दफा १३ वा अन्य प्रचलित नेपाल कानून बमोजिम डिपोजिट जफत हुने अवस्थामा बाहेक उप-दफा (१) बमोजिम राखिएको डिपोजिट सो डिपोजिट राख्ने व्यक्तिले दिएको टेण्डर वा बोलेको डांक अस्वीकृत भएको मितिले तीस दिन-भित्र निजलाई फिर्ता गरी दिनु पर्छ ।

(३) कुनै मनासिब कारणले बाहेक उप-दफा (२) मा लेखिएको म्यादभित्र कसैको डिपोजिट फिर्ता नदिइएकोमा सो म्याद पछि सो डिपोजिटको अङ्कको सयकडा दशका दरले वार्षिक सूदसमेत सो डिपोजिट राख्ने व्यक्तिले दावी गरी लिन पाउँछ ।

७. टेण्डर सम्बन्धी कारवाइः— (१) दफा ५ अन्तर्गत प्रकाशित सूचना बमोजिमको रीत नपुगेको वा त्यस्तो सूचनामा तोकिदिएको समय वा मितिभित्र सोही सूचनामा तोकिदिएको अड्डा, अफिस वा अधिकारी कहां दाखिल नभएको वा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको बर्खिलाप हुने अवस्थाको कुनै टेण्डर उपर ठेक्का दिने कुराका सम्बन्धमा विचार वा कारवाइ गरिने छैन ।

(२) दफा ५ अन्तर्गत प्रकाशित सूचना बमोजिम टेण्डर दाखिल भैसकेपछि सम्बन्धित कर्मचारी र टेण्डरवाला वा निजको वारिसको रोहवरमा त्यस्तो सूचनामा तोकिदिएको समय, मिति र स्थानमा टेण्डर खोल्नु पर्छ ।

तर सो समय वा स्थानमा टेण्डरवाला वा निजको वारिस हाजिर नभएमा तोकिए बमोजिमको कारवाइ गरी टेण्डर खोल्न यस उप-दफामा लेखिएको कुनै कुराले बाधा पुऱ्याइएको मानिनेछैन ।

८. बढाबढ वा घटाघटको मान्यता नदिनेः— दफा ५ अन्तर्गत प्रकाशित सूचनामा बढाबढ वा घटाघटका लागि तोकिदिएको समय वा मितिभन्दा पछि वा त्यस्तो सूचनामा सो कामका लागि तोकिदिएको स्थानमा बाहेक अन्य कुनै स्थानमा वा हुलाक, फोन वा आकाशवाणीद्वारा बोलेको कुनै पनि डांक उपर ठेक्का दिने कुराका सम्बन्ध-मा विचार वा कारवाइ गरिनेछन ।

९. ठेक्का दिने वा नदिने श्री ५ को सरकारको अधिकारः— (१) दफा ५ अन्तर्गत प्रकाशित सूचना बमोजिम दाखिल भएको कुनै वा सबै टेण्डर वा बोलेको कुनै वा सबै डांक श्री ५ को सरकारले कुनै कारण देखाई वा नदेखाई स्वीकृत वा अस्वीकृत गर्न सक्नेछ ।

तर कुनै रकमको ठेक्का वन्दोवस्त गर्दा—

(क) सो रकम बापतको रुपैयां गनिमहसूलको रूपमा बुझाउन कबूल गर्नेले गनी किस्तामा कबूल गर्नेभन्दा सयकडा डेढ र किस्तावन्दीमा कबूल

५९५
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गर्नेभन्दा सयकडा तीनसम्म कम कबूल गरेको रहेछ भने पनि सो गनि महसूलमा लिन कबूल गर्ने टेण्डर वा डांकलाई यस उप-दफा बमोजिम टेण्डर वा डांक स्वीकृत गर्दा प्राथमिकता दिइनेछ ,

(ख) खण्ड (क) मा लेखिएको अवस्थामा बाहेक गनी किस्ताको रूपमा सो रुपैयां बुझाउन कबूल गर्नेले किस्ता वन्दीको रूपमा बुझाउन कबूल गर्नेभन्दा सयकडा डेढसम्म कम कबूल गरेको रहेछ भने पनि सो किस्ता-वन्दीमा कबूल गर्नेभन्दा गनी किस्तामा कबूल गर्नेलाई यस उप-दफा बमोजिम टेण्डर वा डांक स्वीकृत गर्दा प्राथमिकता दिइनेछ ।

(२) उप-दफा (१) बमोजिम सबै टेण्डर वा डांक अस्वीकृत गरिएकोमा श्री ५ को सरकारले फेरि टेण्डर आमन्त्रित गरी वा बढाबढ वा घटाघट गराई ठेक्का वन्दोवस्त गर्न सक्नेछ ।

(३) उप-दफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि श्री ५ को सरकारले मनासिव ठहऱ्याएमा अघि टेण्डर दिने वा डांक बोल्नेहरूको टेण्डर वा डांक कायमै राखी पुनः टेण्डर आमन्त्रित गर्न वा बढाबढ वा घटाघट गराउन पनि सक्नेछ र सो बमोजिम अर्को पटक दाखिल भएको टेण्डर वा बोलेको डांक र अघिल्लो टेण्डर वा डांकको विचार गरी अघिल्लो वा पछिल्लो कुनै टेण्डरवाला वा डांक बोल्ने व्यक्तिसित ठेक्का वन्दोवस्त गर्न सक्नेछ ।

तर त्यसरी फेरि टेण्डर आमन्त्रित गर्ने वा बढाबढ वा घटाघट गराउने निर्णय गरिएकोमा अघि टेण्डर दाखिल गर्ने वा डांक बोल्ने कुनै व्यक्तिलाई चित्त नबुझे आफ्नो टेण्डर वा डांक खारिज होस् भनी दरखास्त दिन आउनु भनी बाटामा लाग्ने समयको समेत अञ्जाम गरी मनासिव म्याद तोकी सूचना जारी गर्नुपर्छ र सो म्याद वा टेण्डर दाखिल गर्ने वा बढाबढ वा घटाघट गराउन अर्को पटक निर्धारित गरिएको दिनसम्मको म्यादमध्ये जुन म्याद बढी दिनको हुन्छ सो म्यादभित्र कसैको त्यस्तो दरखास्त परेमा निजको टेण्डर वा डांक खारेज गरिदिनुपर्छ र सो बमोजिम भएकोमा त्यस्तो टेण्डर वा डांक अस्वीकृत भए सरह डिपोजिट फिर्ता दिनुपर्छ । सो म्यादभित्र त्यस्तो दरखास्त नदिने टेण्डरवाला वा डांक बोल्ने व्यक्तिले आफ्नो टेण्डर वा डांकको अङ्क पछिल्लो पटकका लागि पनि कायमै राख्न मञ्जूर गरेको मानिनेछ ।

१०. ठेक्का सम्बन्धी अयोग्यताः— देहायमा लेखिएका कुनै व्यक्तिलाई सरकारी रकम वा अन्य कुनै कामको ठेक्का दिन र त्यस्ता व्यक्तिले त्यस्तो ठेक्का लिन समेत हुँदैनः—

(क) चोरी, डांका, रहजनी, जवर्जस्ती चोरी, नकबजनी, ठगी, कीर्ते जालसाजी वा ज्यान सम्बन्धी अपराधको अभियोगमा कसूरबन्द ठहरी सजाय पाएका, वा,

५९५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) ऋण तिर्न नसकी साहूको दामासाहीमा परेका, वा

(ग) सरकारी बांकी लागि तिर्न नसक्ने भएका ।

११. ठेक्काको अवधि र किस्ता कायम गर्ने:– (१) यस ऐन बमोजिम कुनै रकमको ठेक्का वन्दोवस्त गर्दा तीन वर्षको अवधिको लागि गरिनेछ ।

तर आर्थिक लाभ वा सार्वजनिक हितको दृष्टिकोणबाट आवश्यक देखिएमा श्री ५ को सरकारले सोभन्दा कम वा बढी जतिसुकै अवधिका लागि पनि त्यस्तो ठेक्का वन्दोबस्त गर्न यस उप–दफामा लेखिएको कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन ।

(२) यस ऐन बमोजिम कुनै रकमको ठेक्का वन्दोवस्त गर्दा ठेकदारले बुझाउन कबूल गरेको ठेकको रुपैयां गनिमहसूल, गनी किस्ता वा किस्तावन्दीमध्ये कुनै एक किसिमबाट बुझाउनुपर्ने शर्त राखिनेछ ।

तर आर्थिक लाभ वा राष्ट्रिय हितको दृष्टिकोणबाट उचित देखिएमा ठेकको पैयां बुझाउने तरीकाबारे श्री ५ को सरकारले त्यस्तो शर्तको सट्टा अन्य कुनै शर्त तोक्न यस उप–दफामा लेखिएको कुनै कुराले बाधा पुऱ्याएको मानिनेछैन ।

(३) रकम बाहेक अन्य कुनै सरकारी कामको ठेक्का वन्दोवस्त गर्दा ठेकको अवधि र रुपैयांको भुक्तानीबारे श्री ५ को सरकार र ठेकदारका बीचमा भएको शर्त बमोजिम हुनेछ ।

१२. गनिमहसूल, गनी किस्ता र किस्ता वन्दीको रुपैयां बुझाउने तरीका:–(१) रकम चलन गर्न पाए बापत ठेक्काका शर्त बमोजिम ठेकदारले श्री ५ को सरकारलाई बुझाउनुपर्ने रुपैयांलाई देहायका अवस्थामा देहाय बमोजिम किस्तामा बांडी बुझ्नु बुझाउनु पर्छ:–

(क) सो रुपैयां गनि महसूलको रूपमा बुझाउने कबूल भएकोमा जति वर्षको लागि ठेक्का दिइएको हो त्यति वर्षको दामासाहीले प्रत्येक वर्षको निमित्त बराबर पर्न गरी बराबर किस्तामा बांडी पहिलो वर्षको किस्ता ठेकदारले निजको टेण्डर वा डांक स्वीकृत भएको जनाउ पाएको मितिले पैंतीस दिन–भित्र र अरू वर्षको किस्ता सो किस्ता शुरू हुने एक महीनै अगावै बुझ्ने बुझाउन,

(ख) सो रुपैयां गनी किस्ताको रूपमा बुझाउने कबूल भएकोमा जति वर्षको लागि ठेक्का दिइएको हो त्यति वर्षको दामासाहीले प्रत्येक वर्षको निमित्त बराबर पर्ने गरी बराबर किस्तामा बांडी प्रत्येक वर्षको हुने रुपैयांलाई पनि तीन बराबर किस्ता गरी पहिलो वर्षको पहिलो किस्ता ठेकदारले निजको टेण्डर वा डांक स्वीकृत भएको जनाउ पाएको मितिले पैंतीस दिनभित्र र त्यस पछिको प्रत्येक किस्ता सो किस्ता शुरू हुनुभन्दा कम्तीमा एक महीना अगावै बुझ्ने बुझाउने, र

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) सो रुपैयां किस्तावन्दीमा बुझाउने कबूल भएकोमा जति वर्षको लागि ठेक्का दिइएको हो त्यति वर्षको दामासाहीले प्रत्येक वर्षको निमित्त बराबर पर्ने गरी बराबर किस्तामा बांडी प्रत्येक वर्षको हुने रुपैयांलाई पनि तीन बराबर किस्ता गरी पहिलो वर्षको पहिलो किस्ता ठेकदारले निजको टेण्डर वा डांक स्वीकृत भएको जनाउ पाएको मितिले पैंतीस दिनभित्र र दोस्रो किस्ता पहिलो किस्ता बुझाएको मितिले सात महीना भुक्तान भएको सात दिनभित्र र त्यसपछिको प्रत्येक किस्ता अघिल्लो किस्ता बुझाएको चार महीनाभित्र बुझ्दै बुझाउँदै जाने ।

१३. डिपोजिट जफत हुने:– ठेक्का वन्दोवस्त गर्नाका लागि यस ऐन बमोजिम कुनै टेण्डर वा डांक स्वीकृत भएकोमा सो टेण्डर दिने वा डांक बोल्ने व्यक्तिले तोकिए बमोजिम-को म्यादभित्र चलन पूर्जी नलिएमा वा पट्टा नउठाएमा निजले दफा ६ बमोजिम राखेको डिपोजिट जफत भै श्री ५ को सरकार लाग्नेछ ।

तर त्यस्तो व्यक्ति चलन पूर्जी लिन वा पट्टा उठाउन हाजिर हुँदा हुँदै पनि निजलाई त्यस्तो पूर्जी वा पट्टा दिइएको रहेनछ भने यस उप–दफा बमोजिम निजको डिपोजिट जफत हुनेछैन ।

१४. जमानत वा डिपोजिट लिने:– (१) किस्तावन्दीमा कुनै रकमको ठेक्का वन्दोवस्त गर्दा सो ठेक्का लिन कबूल गन व्यक्तिबाट निजले बुझाउनुपर्ने जम्मा ठेक रुपैयांको तीन खण्डको एक खण्ड बराबर नेपालभित्रको अचल जायज्यथा वा राष्ट्रिय ऋण-पत्रको जमानत वा नगद रुपैयां डिपोजिट लिएर मात्र वन्दोवस्त गरिनेछ।

(२) रकम बाहेक अरू कुनै कामको ठेक्का वन्दोवस्त गर्दा जमानत लिने दिने कुराका सम्बन्धमा श्री ५ को सरकार र ठेकदारका बीचमा भएको शर्त बमोजिम हुनेछ ।

(३) यस दफाको प्रयोजनको लागि कुनै अचल सम्पत्तिको मूल्याङ्कन गर्दा कर अड्डाबाट सो सम्पत्तिको मूल्याङ्कन भएकोमा सोही बमोजिम र त्यस्तो मूल्याङ्कन नभएकोमा स्थानीय पञ्चायत मार्फत् पञ्चकीर्ति मोल कायम गरी मूल्याङ्कन गरिनेछ ।

तर सो बमोजिम भएको मूल्याङ्कन ठीक छैन भन्ने लागेमा सो कुराको कारण–सहितको पर्चा खडा गरी जमानत लिने कर्मचारीले थप जमानत माग्न सक्नेछ ।

(४) श्री ५ को सरकारका तर्फबाट वन्दोवस्त हुने कुनै ठेक्काका सम्बन्धमा कुनै सरकारी कर्मचारीलाई जमानत लिंदा निजले श्री ५ को सरकारबाट पाउने पारिश्रमिकको रुपैयां कट्टा हुने गरी जमानी लिन हुँदैन ।

१५. पट्टा दिने र कबूलियत गराउने :– (१) यस ऐन बमोजिम श्री ५ को सरकारका तर्फबाट कसैलाई कुनै ठेक्का दिन स्वीकृत भैसकेपछि ठेक्का वन्दोवस्त गर्ने अड्डा, अफिस

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

वा अधिकारीले सात दिनभित्र सो कुराको सूचना सो ठेक्का दिन स्वीकृत भएको व्यक्तिका नाममा जारी गर्नु पर्छ ।

तर ठेक्का दिने कुरा स्वीकृत गर्ने र ठेक्का वन्दोवस्त गर्ने अड्डा, अफिस वा अधिकारी एउटै नभई पृथक् पृथक् भएमा ठेक्का दिने कुरा स्वीकृत भएको जनाउ ठेक्का वन्दोवस्त गर्ने अड्डा, अफिस वा अधिकारीले पाएपछि मात्र सूचना जारी गर्ने सात दिनको म्याद शुरू हुनेछ ।

(२) उप-दफा (१) बमोजिम सूचना जारी गर्दा बाटाका म्याद बाहेक सात दिनको म्याद दिई सो म्यादभित्र आफ्नो कबूल बमोजिम कबूलियत गर्न नआएमा अर्को टेण्डर वा डांकवालालाई ठेक्का दिइने कुरा स्पष्ट खोली सूचना तामेल गर्नु गराउनु पर्छ ।

(३) उप-दफा (१) र (२) बमोजिम जारी भएको सूचनाको म्यादमा सो व्यक्ति हाजिर भई कबूलियत गर्न मञ्जूर गरे ठेक्का वन्दोबस्त गर्ने अड्डा, अफिस वा अधिकारीले निजबाट तुरुन्त कबूलियत गराई निजलाई पट्टा वा चलन पूर्जी दिनुपर्छ । त्यस्तो व्यक्ति हाजिर नभएमा वा आफ्नो कबूल बमोजिम कबूलियत गर्न मञ्जूर नगरेमा निजपछिको दोस्रो, तेस्रो इत्यादि क्रमानुसार अरू टेण्डर वा डांक-वालालाई प्राथमिकता दिई उप-दफा (२) बमोजिमको सूचना जारी गरी ठेक्का वन्दोवस्त गर्न सक्नेछ ।

(४) टेण्डर वा डांक स्वीकृत गर्ने र ठेक्का वन्दोवस्त गर्ने अड्डा, अफिस वा अधिकारी एउटै नभै पृथक् पृथक् भएमा ठेक्का वन्दोवस्त गर्ने अड्डा, अफिस वा अधिकारीले टेण्डर खोलिएको वा डांक बोलाइएको तीन दिनभित्र टेण्डर वा डांक स्वीकृत गर्ने वा नगर्ने निकासाका लागि सो स्वीकृत गर्ने अड्डा, अफिस वा अधिकारीले जाहेर गर्नुपर्छ र त्यस्तो जाहेरी दाखिल भएको तीस दिनभित्र सो अड्डा, अफिस वा अधिकारीले पनि टेण्डर वा डांक स्वीकृत भए वा नभएको निकासा दिइसक्नु पर्छ । सो म्यादभित्र जाहेर नगरेको वा निकासा नदिएको कारणले श्री ५ को सरकारलाई कुनै हानि नोक्सानी भएमा जसको ढिलाई वा लापरवाहीले गर्दा म्यादभित्र जाहेर वा निकासा हुन नसकेको हो सो कर्मचारीबाट सो हानि नोक्सानी असूल उपर गरी लिइनेछ ।

१६. पट्टा कबूलियतको प्रतिलिपि बही बुझ्ने अड्डामा पठाउने:– यस ऐन बमोजिम श्री ५ को सरकारको तर्फबाट वन्दोवस्त भएको ठेक्कामा ठेकदारले कबूलियत गरी पट्टा उठाएको वा चलन पूर्जी लिएको सात दिन भित्र सो कबूलियत, पट्टा वा चलन पूर्जीको रीतपूर्वकको प्रतिलिपि आफ्नो बही बुझ्ने अड्डामा पठाउनु पर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१७. बीचमा ठेक्का तोड्न नपाइने:– पट्टा कबूलियतको शर्त बर्खिलाप काम गरेकोमा बाहेक यो ऐन बमोजिम पट्टा कबूलियत भैसकेपछि श्री ५ को सरकार र ठेकदार दुवैको मञ्जूरी बिना सो ठेक्काका अवधि भुक्तान नहुँदै बीचैमा ठेक्का तोड्न वा छोड्न पाइने छैन ।

१८. साझा गरी वा संयुक्त रूपमा लिएको ठेक्काको दायित्व:– (१) कुनै ठेक्का बन्दोवस्त हुँदा दुई वा सोभन्दा बढी व्यक्तिहरू मिली साझामा ठेक्का लिएकोमा सोमध्ये कसैले सो ठेक्काको अवधि भुक्तान हुनुभन्दा अगावै आफ्नो दायित्व समाप्त हुने गरी साझेदारीबाट अलग हुन पाउनेछैन ।

(२) कुनै ठेक्का वन्दोवस्त हुँदा दुई वा सोभन्दा बढी व्यक्तिहरू मिली संयुक्त रूपमा ठेक्का लिएकोमा त्यस्ता व्यक्तिहरूको सो ठेक्का सम्बन्धी अधिकार र दायित्व निम्नलिखितानुसार हुनेछ:–

(क) लिखत गरी सो ठेक्कामा त्यस्ता व्यक्तिहरूको हिस्सा निर्धारित गरिएको भए सो लिखतको दामासाही अनुसार, र

(ख) त्यस्तो लिखत नभए बराबरीको दामासाही अनुसार ।

(३) उप-दफा (२) को खण्ड (ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि श्री ५ को सरकारको लिनुपर्ने कुनै बांकी बक्यौता सो खण्ड बमोजिमको दामासाहीले असूल गर्दा सोमध्ये कुनै व्यक्तिबाट असूल उपर हुन नसकेमा उपर नभएजति बांकी सोमध्ये बांकी व्यक्तिहरूबाट दामासाहीले असूल उपर गरिनेछ र सो बमोजिम दामासाही गर्दा पनि असूल उपर हुन नसकेमा अरू बांकी व्यक्तिहरूबाट दामासाहीले असूल गर्दै गै पूरा असूल उपर नभएसम्म सोही बमोजिम कारवाइ गर्दैजानु पर्छ ।

१९. जमानी हुने व्यक्तिको दायित्व:– कुनै सरकारी ठेक्कामा आफूले बुझाउनुपर्ने रकम कुनै ठेकदारले बुझाउन नसकी बांकी लागेमा अन्य प्रचलित नेपाल कानून बमोजिम निजबाट असूल नभएजति बाँकी निजको जमानी हुनेबाट असूल उपर गरिनेछ ।

२०. एकाघरका अंशियारको दायित्व:– अंश नभै सगोलमा रहेको गोस्वारा धनबाट व्यवहार चलाउन प्रचलित नेपाल कानून बमोजिम अधिकार पाएका व्यक्तिले सो गोस्वारा धनबाट बहोन गरी यस ऐन बमोजिम कुनै ठेक्का लिएको रहेछ भने त्यस्तो ठेक्का सम्बन्धी अधिकार र दायित्व प्रचलित नेपाल कानून बमोजिम सबै अंशियारको हुनेछ ।

तर ठेक्का वन्दोवस्त हुँदा त्यसमा सरीक हुन मञ्जूर भै ठेक्का लिइएकोमा त्यस्ता अंशियार बाहेक अरू अंशियारमध्ये कसैले सो ठेक्कामा सरीक हुन मञ्जूर

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नभै पट्टा उठाएको वा चलन पूर्जी लिएको मितिले दुई महीनाभित्र सो कुराको लिखित सूचना ठेक्का बन्दोबस्त गर्ने अड्डा, अफिस वा अधिकारीलाई दिएमा सो ठक्कामा निजको कुनै हक वा दायित्व रहने छैन।

२१. भित्री तवरबाट ठेक्का लिने व्यक्तिको दायित्वः– कुनै व्यक्तिले आफू देखा नपरी अर्को कुनै व्यक्तिलाई अधि सारी भित्री तवरबाट सरकारी ठेक्का लिन वा चलाउन हुँदैन। कसैले लिए वा चलाएमा निजलाई सो ठेक्कामा कबूल गरिएको जम्मा रुपैयां-को सयकडा दशका दरले जरिवाना गरी ठेक बांकी भए निजबाट समेत असूल उपर गरिनेछ।

२२. ठेकदारले कटकेन्दार बन्दोबस्त गर्न सक्नेः– (१) सरकारी ठक्का लिने कुनै ठेकदारले आफूले ठेक्का लिंदा भए गरेको शर्तहरूका अधीनमा रही आफ्नो तर्फबाट कटकेन्दार बन्दोबस्त गरी ठेक्का चलाउन हुन्छ र सो बमोजिम कटकेन्दार बन्दोबस्त गरेकोमा ठेकदार र कटकेन्दारका बीचमा भएको पट्टा, कबूलियत वा सो सम्बन्धी शर्तनामाको लिखतको एक प्रति रीतपूर्वकको नक्कल पन्ध्र दिनभित्र ठेक्का बन्दोबस्त गर्ने अड्डा, अफिस वा अधिकारीकहां दाखिल गर्न वा पठाउन पर्छ।

(२) उप-दफा (१) बमोजिम कटकेन्दार बन्दोबस्त गरी ठेक्का चलाउने कुनै ठेकदारको मृत्यु भएमा सो ठेक्का सो कटकेन्दारलाई दिन श्री ५ को सरकार बाध्य हुनेछैन।

(३) उप-दफा (१) बमोजिम कुनै ठेकदारले कटकन्दार बन्दोबस्त गरे तापनि सो ठेक्काका सम्बन्धमा श्री ५ को सरकार प्रति ठेकदारको दायित्व समाप्त नभै पूर्ववत् कायम रहनेछ।

२३. ठेक्काको अवधि भुक्तान नहुँदै ठेकदारको मृत्यु भएमा वा ठेकदारले ठेक्का तोडेमा वा छोडेमा ठेक्का बन्दोबस्त गर्नेः– (१) सरकारी ठेक्का लिने कुनै ठेकदार सो ठेक्काको अवधि भुक्तान नहुँदै मरेमा निजको हकदार वा धनजमानी हुने व्यक्तिले सो ठेक्का लिन्छु भनी तीस दिनभित्र ठेक्का बन्दोबस्त गर्ने अड्डा, अफिस वा अधिकारीका समक्ष दरखास्त दिएमा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमका अधीनमा रही बांकी अवधिसम्मका लागि त्यस्ता दरखास्तवालालाई सो ठेक्का दिइनेछ।

(२) उप-दफा (१) बमोजिम ठेक्का पाउनका लागि हकदार र जमानी हुने व्यक्ति दुवैको दरखास्त परेमा हकदारलाई प्राथमिकता दिइनेछ।

(३) ठेक्काको अवधि भुक्तान नहुँदै कुनै ठेकदारले ठेक्का छोडे वा तोडेमा सो ठेकदारको जमानी हुने व्यक्तिले साविकको शर्तमा सो ठेक्का लिन मञ्जूर गरी पैंतीस दिनभित्र दरखास्त दिएमा सो ठेक्का निजैलाई दिइनेछ।

729

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) उप-दफा (१) वा (३) बमोजिम जमानीले वा उप-दफा (५) बमोजिम अरू कसैले ठेक्का पाएकोमा सो मितिपछिको सो ठेक्का सम्बन्धी काम कुरामा साबिक ठेकदार वा निजको हकदारको कुनै अधिकार वा दायित्व हुनेछैन।

(५) उप-दफा (१), (२) वा (३) बमोजिम ठेक्का पाउने अवस्थाको कुनै व्यक्तिले सो बमोजिम ठेक्का लिन दरखास्त नदिएमा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमका अधीनमा रही सो बांकी अवधिसम्मको लागि अर्को ठेकदार बन्दोबस्त गर्न सकिनेछ।

२४. अमानतबाट चलाउने:– कुनै सरकारी रकम वा कामका सम्बन्धमा समयमै ठेक्का बन्दोबस्त हुन नसकेमा वा ठेक्का बन्दोबस्त भए तापनि ठेकदार मरी वा भागी ठेक्का बमोजिमको काम हुन नसक्ने देखिएमा श्री ५ को सरकारले त्यस्तो ठेक्काको काम अमानतबाट चलाउन वा सम्बन्धित अड्डा, अफिस वा अधिकारीलाई सो बमोजिम चलाउने आदेश दिन सक्नेछ।

२५. आफूले तिनुपरेको अर्काको हिस्साको रुपैयां असूल गर्ने:– दफा १८ को उप-दफा (३) बमोजिम कुनै व्यक्तिले अर्काको हिस्साको रुपैयां बुझाएकोमा वा लिखत बमोजिम कटकेन्दारले तिर्नु बुझाउनुपर्ने रुपैयां निजले नबुझाई दफा २२ को उप-दफा (३) बमोजिम ठेकदारले बुझाउनुपरेकोमा वा जमानी हुने व्यक्तिबाट दफा १९ बमोजिम बांकी बक्यौता असूल गरिएकोमा रुपैयां बुझाउने दायित्व भएका त्यस्ता हिस्सेदार, कटकेन्दार वा ठेकदारबाट क्रमशः सो रुपैयां बुझाउने वा बांकी तिर्ने हिस्सेदार, ठेकेदार वा जमानी हुने व्यक्तिले आफूले बुझाएजति अदालतबाट असूल उपर गराई लिन पाउंछ।

२६. रकमको कानूनी बन्देज उल्लंघन गरेमा सजाय:– कसैले दफा ३ को उप-दफा (२) वा (३) को बर्खिलाफ हुने गरी कुनै काम कुरा गरेमा निजलाई अन्य प्रचलित नेपाल कानूनमा सजायको कुनै खास व्यवस्था भएकोमा सोही बमोजिम र त्यस्तो व्यवस्था नभएकोमा बिगो भए बिगोसमेत असूल गरी निजलाई सो बिगो बमोजिम जरिवाना र बिगो केही नभए पांच सय रुपैयांसम्म जरिवाना हुन्छ।

२७. नोक्सानी बिगो भर्ने भराउने:– (१) कुनै ठेकदारले आफूले गरेको कबूलियत बमोजिम काम नगरेमा वा ठेक्काको अवधि भुक्तान हुनुभन्दा अगावै ठेक्का छोडे वा तोडेमा त्यसबाट श्री ५ को सरकारलाई भएका नोक्सानी र श्री ५ को सरकारले ठेकदारबाट लिनुपर्ने बांकी र त्यसको दश प्रतिशत सूदसमेत सो ठेकदारले राखेको डिपोजिटबाट असूल नभए निज र निजको जमानी हुने व्यक्तिबाट कानून बमोजिम असूल उपर गरिनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर आफ्नो काबू बाहिरको परिस्थिति परी ठेकदारले सो ठेक्काको काम गर्न नसकेको रहेछ भने श्री ५ को सरकारले सो बमोजिम असूल गर्नुपर्ने अङ्कमा मनासिब सम्झेजति अङ्क मिनाहा दिन सक्नेछ ।

(२) श्री ५ को सरकारले ठेक्का वन्दोवस्त गरी ठेकदारलाई दिएको पट्टा वा चलन पूर्जीको कुनै शर्तको उल्लंघन गरेमा वा ठेक्काको अवधि भुक्तान हुनुभन्दा अगावै ठेक्का टुटाएमा त्यसबाट ठेकदारलाई भएको हानि नोक्सानी श्री ५ को सरकारले बेहोर्नु पर्छ ।

२८. जाहेरवालालाई छुट :- (१) सरकारी ठेक्कामा चोरी, ढांटी वा दबाई छपाई खाने खुवाउनेहरू मध्ये कसैले सो कुराको पोल उजूर नपर्दै तोकिएको अधिकारीका समक्ष आफै सो कुरा जाहेर गरेमा निज उपर यस ऐन बमोजिम कारवाइ चलाइने वा सजाय गरिने छैन ।

तर निजबाट बिगो असूल गर्नुपर्ने रहेछ भने सो बिगो असूल गर्न यस उप-दफाले बाधा पुऱ्याएको मानिने छैन ।

(२) सरकारी ठेक्कामा चोरी, ढांटी वा दबाई छपाई खाए खुवाएको कुरा जाहेर गर्नेलाई प्रचलित नेपाल कानून बमोजिम कमिशन दिने व्यवस्था भएकोमा त्यस्तो कमिशनको आधा उप-दफा (१) बमोजिमको जाहेरवालालाई पनि दिइनेछ ।

२९. अधिकार सुम्पने:- यस ऐन बमोजिम आफूले पाएको अधिकार श्री ५ को सरकारले आवश्यकतानुसार आफ्ना मातहतका कुनै अड्डा, अफिस वा अधिकारीलाई सुम्पन सक्नेछ ।

३०. यो एन बमोजिम हुने:- यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियममा लेखिएको जति कुरामा सोही बमोजिम र अरूमा प्रचलित नपाल कानून र त्यस्तो कानूनका अधीनमा रही श्री ५ को सरकार र ठेकदारका बीचमा भएको ठेक्का सम्बन्धी लिखत बमोजिम हुनेछ ।

३१. नियम बनाउने अधिकार:- यो ऐनको उद्देश्य कार्यान्वित गर्न श्री ५ को सरकारले आवश्यकतानुसार समय समयमा नियम बनाउन सक्नेछ ।

आज्ञाले-
विनोदप्रसाद धिताल
श्री ५ को सरकारको सह-सचिव,
कानून तथा न्याय मन्त्रालय ।

723

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएकोछ ।

२०२० सालको ऐन नं. ८

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला आंजस्विराजन्य अति तंजस्वी त्रिभुवन प्रजातन्त्रश्रीपद अति कीर्तिमय नेपालश्रीपद प्रोज्ज्वल नेपाललारा ॐ रामपट्ट अतुलज्योतिर्मय त्रिशक्ति पट्ट अतिप्रबल गोरखादक्षिणबाहु महाधिपति अतिरथी परमसेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

रेल्वे सम्बन्धी नेपाल कानूनलाई संशोधन र एकीकरण गर्न बनेको ऐन

प्रस्तावनाः– सार्वजनिक हित तथा सर्वसाधारण जनताको सुविधाको लागि रेल्वे सम्बन्धी प्रचलित नेपाल कानूनको छानवीन गरी देश, काल एवं परिस्थिति अनुसार आवश्यक संशोधन र एकीकरण गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेकोछ ।

१. संक्षिप्त नाम, र प्रारम्भः– (१) यस ऐनको नाम रेल्वे ऐन, २०२० रहेकोछ ।

(२) यो ऐन २०२० साल भाद्र १ गतेदेखि प्रारम्भ हुनेछ ।

२. परिभाषाः– विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमाः–

(क) "रेल्वे" भन्नाले यात्री, जीवजन्तु वा मालसामान ओसार्नको निमित्त सार्वजनिक रूपमा राखिए वा बनाइएको रेलवे वा रेलवेको कुनै हिस्सालाई सम्झनु पर्छ र सो शब्दमा देहायका कुराहरूलाई समेत समावेश भएको मानिनेछः–

(१) घेरा लगाई वा अरू कुनै किसिमले सांध छुट्याई राखिएको रेलवेको जग्गा जमीन,

(२) लिक वा त्यस्तो लिकको कुनै हिस्सा, र सोमाथि चल्ने इञ्जीन, गाडी र तत्सम्बन्धी सबै सामान,

(३) रेल्वे ष्टेशन, अफिस, गोदाम, कारखाना, यन्त्र, यन्त्रसामग्री र रेलवेको कामका निमित्त बनाइएको वा चलन गरिएको अरू जुन्सुकै निर्माणको काम ।

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) "रेल गाडी" भन्नाले यन्त्रको सहायताबाट लिकमा चल्ने सार्वजनिक सवारीलाई सम्झनु पर्छ ,

(ग) "रेलवे कर्मचारी भन्नाले रेलवेको सेवा वा काममा नियुक्त भएका कर्मचारीलाई सम्झनु पर्छ ,

(घ) "टिकट" भन्नाले रेल गाडीमा यात्रा गर्न तोकिए बमोजिमको भाडा तिरेको तोकिए बमोजिमको निस्सालाई सम्झनु पर्छ ,

(ङ) "विल्टी" भन्नाले रेल गाडीबाट जीव जन्तु वा मालसामान ल्याउने वा लैजानका निमित्त तोकिए बमोजिमको भाडा तिरेको तोकिए बमोजिमको निस्सालाई सम्झनु पर्छ ,

(च) "लिक" भन्नाले रेलवे लिकलाई सम्झनु पर्छ ,

(छ) "मेनेजर" भन्नाले रेलवे सुचारुरूपले कानून बमोजिम संचालित गर्ने गराउने प्रमुख कर्मचारीलाई सम्झनु पर्छ ,

(ज) "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिए बमोजिमको सम्झनु पर्छ ।

३. रेल गाडी चलाउंदा तोकिए बमोजिम चलाउनु पर्ने:– (१) रेल गाडी चलाउंदा तोकिए बमोजिम चलाउनु पर्छ ।

(२) तोकिए बमोजिमको होशियारीसाथ रेल गाडी चलाउंदा वा सो सम्बन्धी कुनै काम गर्दा भवितव्य परी वा रेलवे कर्मचारी बाहेक अरू कसैले गरे बिराए वा गफलत गरेबाट कुनै किसिमको हानि नोक्सानी पर्न गएमा सो रेल गाडी चलाउने वा काम गर्ने रेलवे कर्मचारी वा रेलवे प्रशासनउपर यस ऐन बमोजिम कारवाइ चलाउने वा निजलाई यस ऐन बमोजिम सजाय गरिनेछैन ।

४. रेलको इञ्जिन चालकको योग्यता:– देहायको योग्यता नभएको कुनै व्यक्ति रेल इञ्जिनको चालक हुन योग्य मानिने छैन ।

(क) कम्तीमा तीन वर्ष वा सोभन्दा बढी अवधिसम्म सो कामको अनुभव प्राप्त गरेको नभई, वा

(ख) श्री ५ को सरकारले मान्यता दिएको कुनै कलेज, रेलवे संस्था वा ट्रेनिंग स्कूलबाट इलम हासिल गरी यस कामको योग्यताको प्रमाणपत्र पाएको नभई ।

५. रेलवे सम्बन्धी अपराध:– (१) कसैले लिकको माटो खन्न, घांस खुर्कन, माटो वा ढुंगा फ्याक्न, लिकमा ढुंगा, काठ वा अरू कुनै कुरा राख्न, लिक वा सो सम्बन्धी किला, कांटा, स्लीपर इत्यादि झिक्न, ज्वाइन्टसहरू खुकुलो पार्न, वा अरू कलपूर्जा चलाउन,

आधिकारिक मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सारफेर गर्न वा वन्द गर्न वा रेलवेको कुनै निशाना वा बत्ती लुकाउन, चलाउन, झिक्न, फरक गरी देखाउन, बदलिन, मेटन, हटाउन, खुकिन वा रेल गाडी लिकबाट छुट्न खस्न जाने वा अरू कुनै किसिमको दुर्घटना हुने सम्भावना भएको काम कुरा गर्न गराउन हुँदैन ।

तर रेलवे सम्बन्धी कुनै काम कुरा बनाउन वा मिलाउन आवश्यक भई रेलवे प्रशासनद्वारा अधिकृत व्यक्तिले वा निजको आदेशले कुनै काम गरेकोमा यो उप–दफा लागू हुनेछैन ।

(२) कसैले उप–दफा (१) मा वा यस ऐन अन्तर्गतको नियम–द्वारा मनाही भएको कुनै काम कुरा गरे गराएमा सो गर्ने गराउनेलाई देहाय बमोजिम सजाय हुन्छः–

(क) रेल गाडी लिकबाट खस्न, छुट्न, जुध्न, ठक्कर खान वा रेलवे वा अरू कसैलाई कुनै किसिमको हानि नोक्सानी हुन पाएको रहेनछ भने तीनसय रुपैयां जरिवाना वा तीन महीना कैद वा दुवै,

(ख) रेल गाडी लिकबाट छुटेमा, खसेमा वा अरू कुनै किसिमबाट दुर्घटनाग्रस्त भएमा वा रेलवे वा अरू कसैलाई कुनै किसिमको हानि नोक्सानी भएमा नोक्सानी बिगो लिई पहिला पटकलाई एकहजार रुपैयांसम्म जरिवाना र एक वर्षसम्म कैद, दोस्रा पटकलाई तीन हजार रुपैयांसम्म जरिवाना र तीनवर्ष कैद र तेस्रो पटकदेखि प्रत्येक पटकलाई अघिल्लो पटक भएको सजायमा तीन वर्षका दरले बढाई कैद,

तर यसरी बढाई कैद गर्दै जांदा २० वर्षभन्दा बढी कैद हुने भएमा २० वर्षसम्म मात्र कैद हुनेछ ।

(३) रेलवे सम्बन्धी कुनै कामका लागि आवश्यक भई रेलवे प्रशासनद्वारा अधिकृत व्यक्तिले वा निजको आदेशले गरे बनाएकोमा बाहेक रेलवेले घेरा लगाई वा अरू कुनै किसिमले सांध छुट्याइराखेको रेलवेको जग्गा कसैले कुनै प्रकारले आवाद गर्न वा त्यस्तो जग्गामा घर बनाउन हुंदैन, कसैले आवाद गरेमा वा घर बनाएमा सो घरसमेत भत्काई पहिला पटकलाई एकसय रुपैयांसम्म जरिवाना, दोस्रो पटकलाई ५००।– रुपैयां जरिवाना वा एक वर्ष कैद वा दुवै सजाय हुनेछ ।

६. रेलवे कर्मचारीले गरेमा थप सजायः– दफा ५ को उप–दफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि सो दफाको बर्खिलाप कुनै काम कुरा गर्ने गराउने व्यक्ति रेलवेको कर्मचारी रहेछ भने निजलाई सो उप–दफा (२) मा लेखिएको सजायमा देहाय बमोजिम थप सजायसमेत हुन्छः–

(क) रेलगाडी लिकबाट खस्न, छुट्न, जुध्न, ठक्कर खान वा कसैलाई अरू कुनै किसिमको हानि नोक्सानी हुन पा को रहेनछ भने पांचसय रुपैयां–सम्म जरिवाना वा एक वर्षसम्म कैद वा दुवै,

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) रेल गाडी लिकबाट छुटेमा, खसेमा वा अरू कुनै किसिमले दुर्घटनाग्रस्त भएमा वा कसैलाई कुनै किसिमको हानि नोक्सानी हुन गएकोमा एक हजार पैयांसम्म जरिवाना वा दुई वर्षसम्म कैद वा दुवै ।

७. मारौं भन्ने नियतले गरेमा ज्यान सम्बन्धी कानून बमोजिम सजाय हुनेः– कसैले कसैको ज्यान लिने नियतले वा ज्यान मर्न सक्तछ भन्ने जानी जानी लापरवाहीसित दफा ५ को उप–दफा (२) बमोजिम सजाय हुने कुनै कसूर गरे गराएबाट कसैको ज्यान मर्न गएको रहेछ भने यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सो काम कुरा गर्ने गराउनेलाई मुलुकी ऐन ज्यान सम्बन्धीका महल बमोजिमको सजाय हुन्छ ।

८. घा खर्च वा क्रिया खर्च भराउनेः– (१) कसैले यस ऐन बमोजिम सजाय हुने कुनै कसूर गरेबाट कसैलाई कुनै किसिमको घा चोट लागेको वा कसैको मृत्यु भएको रहेछ भने ऐनले हुने सजायमा थप देहाय बमोजिम क्रिया खर्च वा घा खर्चसमेत सो कसूरदारबाट भराइदिनुपर्छः–

(क) ज्यान मरेकोमा सो मर्ने व्यक्तिका सबभन्दा नजिकका हकदारलाई क्रिया खर्च, र

(ख) अंगभंग भएमा निको भैकन पनि काम नलाग्ने भए एक हजार रुपैयांदेखि तीन हजार रुपैयाँसम्म र काम लाग्ने भए पांचसय रुपैयांदेखि एक हजार रुपैयांसम्म घा चोट लागेको व्यक्तिलाई घा खर्च ।

(२) उप-दफा (१) बमोजिम बझाउनपर्ने क्रिया खर्च वा घा खर्च सो बुझाउनुपर्नेले बुझाउन सकेन भने प्रचलित नेपाल कानून बमोजिम निजको जायजातबाट भरी भराउ गरिदिनपर्छ ।

(३) अन्य प्रचलित नेपाल कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस दफा बमोजिम क्रिया खर्च वा घा खर्च भराइदिएकोमा दशौंद लाग्दैन ।

९. रेल गाडीमा ढुंगा इत्यादि फाल्नेलाई सजायः–रेल गाडीमा ढुंगा वा अरू कुनै ठोस पदार्थले हान्ने वा धूलो मैलो वा कुनै गन्दा पदार्थ फ्याँक्नेलाई अरू कानूनले हुने सजायमा थप एक सय रुपैयांसम्म जरिवाना वा सात दिनसम्म कैद हुन्छ ।

१०. सम्बन्धित अधिकारीको इजाजत वा टिकट नभै रेलवे हाता इलाकामा जान मनाहीः– कुनै रेलवे कर्मचारीसंग रेलवे सम्बन्धी कुरा सोध्न बुझ्न परेमा बाहेक यस सम्बन्धमा अधिकार प्राप्त अधिकारीको इजाजत बेगर वा टिकट नलिई अनअधिकृत व्यक्तिहरू रेलवेको हातामा जानु बस्नु हुँदैन त्यसरी गए बसेमा रेल्वे प्रशासनका सम्बन्धित अधिकारीले निजलाई बीस रुपैयांसम्म जरिवाना गर्न सक्नेछ ।

स्पष्टीकरणः– यस दफाको तात्पर्यको लागि "रेलवे हाता" भन्नाले रेलवे ष्टेशन र सूचना प्रकाशित गरी रेलवे प्रशासनले मनाही गरेको रेलवेको हातालाई सम्झनु पर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

११. कसूर गर्ने उद्योग वा मद्दत गरेमा सजायः– (१) कसैले यस ऐन बमोजिम सजाय हुने कुनै काम गर्ने उद्योगसम्म गरेको काम भने गरिनसकेकोमा निजलाई सो कसूर गरेमा हुने सजायको आधा सजाय हुन्छ ।

(२) यस ऐन बमोजिम सजाय हुने कुनै काम गर्न दुरुत्साहन दिने व्यक्तिलाई सो काम गर्नेलाई हुने सरह सजाय हुन्छ ।

१२. रेल गाडीमा यात्रा गर्दा वा माल ओसार्दा टिकट खरीद गर्नु पर्नेः– (१) रेल गाडीमा चढ्दा, यात्रा गर्दा वा माल सामान ओसार्दा तोकिए बमोजिम निर्धारित गरिएको महसूल तिरी टिकट वा बिल्टी लिई तोकिए बमोजिम यात्रा गर्नु वा माल सामान ओसार्नु ।

तर रेलवे प्रसासनका सम्बन्धित अधिकारीले विना किराया रेल गाडीमा चढ्न यात्रा गर्न वा माल सामान ओसार्न तोकिए बमोजिमको अवस्थामा तोकिए बमोजिम अनुमतिपत्र दिएकोमा यस उप-दफाको कुनै कुरा लागू हुनेछैन ।

(२) उप-दफा (१) मा लेखिएको कुनै कुराको बर्खिलाप गरी कसैले रेल गाडीमा चढे, यात्रा गरे वा मालसामान ओसारेमा निजलाई देहाय बमोजिम सजाय हुनेछ ।

(क) टिकट नलिएकोमा निर्धारित टिकट महसूलको बिगो उपर गरी सो बिगो बमोजिम जरिवाना,

(ख) अरू कुनै काम कुरा गरेकोमा पचास रुपैयांसम्म जरिवाना ।

(३) उप-दफा (२) बमोजिमको बिगो वा जरिवाना अधिकार प्राप्त सम्बन्धित रेलवे कर्मचारीले असूल गर्नेछ र कसैले सो नतिरेमा त्यस्तो व्यक्ति र मालसामान भए त्यस्तो मालसामानसमेत सो कर्मचारीले अघिल्लो आउने ष्टेशनमा रेल गाडीबाट ओराल्न सक्नेछ र त्यस्तो व्यक्तिउपर मुद्दाको कारवाइ चलाउन सम्बन्धित पुलिस अफिसमा सुम्पिदिनेछ ।

१२ क. बडाहाकिम वा रेलवे मेनेजरले रेलगाडी जांचन सक्नेः– बडाहाकिम वा रेलवे मेनेजर वा निजले खटाएको ग्याजेटेड अफिसर तहसम्मको अरू कुनै कर्मचारीले कसैले गैर कानूनी तरीकाले रेल गाडीमा यात्रा गरेको वा मालसामान ओसारेको कुराको जांच बुझ गर्ने आवश्यक देखिएमा चलिरहेको रेल गाडीलाई समेत बीचैमा रोकी जांचबुझ गर्न सक्नेछ र सो बमोजिम जाँचबुझ गर्दा दफा १२ को अवहेलना गरी कसैले यात्रा गरेको वा मालसामान ओसारेको मौकैमा पकडेमा सो दफा बमोजिम हुने सजायमा थप पचास रुपैयांसम्म जरिवाना वा पन्ध्र दिनसम्म कैद वा दुवै सजाय गर्न सक्नेछ ।

१३. विस्फोटक पदार्थहरू राख्न ल्याउन लैजान नहुनेः– विस्फोटक पदार्थ ऐन, २०१८ बमोजिमको विस्फोटक पदार्थ कुनै व्यक्तिले कानून बमोजिम राख्न, लैजान, वा ल्याउन

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

चाहेमा रेलवे मेनेजरका विशेष अनुमति बेगर त्यस्तो पदार्थ राख्न, ल्याउन वा लैजान हुंदैन ।

१४ रेलवेले जिम्मा लिएको सामान सुरक्षित राख्नु पर्नेः– कसैको कुनै मालसामान अधिकार प्राप्त रेलवे कर्मचारीले बुझी ली रीतपूर्वक रसीद दिसकेपछि भवितव्य परी रेलगाडी दुर्घटना ग्रस्त भै हानि नोक्सानी भएकोमा बाहेक अरू कुनै प्रकारले हानि नोक्सानी भएमा सो नोक्सानी बिगो रेलवे प्रशासनले बेहोर्नु पर्छ ।

तर तोकिएको म्यादभित्र माल छुटाई (डिलेवरी) नलिएका कारणबाट सो माल सडी, गली हानि नोक्सानी भएमा वा बेसाबूद हुन गएमा सो माल धनीप्रति रेलवे प्रशासनको जवाफदेही हुनेछैन ।

१५. डिमरेज व्हारफेज लगाउनेः– रेलगाडीबाट चलान भै आएको माल सामान तोकिएको समयमा छुटाई नलिएमा तोकिएको दरले डिमरेज वा व्हारफेजसमेत लगाइनेछ र व्हारफेजको सूचना दिइएको वा डिमरेज लागेको म्याद नाघ्दा पनि माल नछुटाएमा सो मालको महसूल र त्यसमा लागेको डिमरेज वा व्हारफेज वा दुवै वापत सोही माल कानून बमोजिम लिलाम विक्री गरी आएकोबाट सो बिगो उपर गरिनेछ ।

१६. विना वारण्ट पक्राउ गर्न सकिनेः– कसैले यस ऐन बमोजिम सजाय हुने कुनै कसूर गरेको छ वा गर्न लागेको छ भन्ने लागेमा जोसुकैले पनि त्यस्ता व्यक्तिलाई विना वारण्ट पक्राउ गरी सम्बन्धित पुलिस अफिस वा रेलवे कर्मचारीकहाँ लगी बुझाइ-दिनुपर्छ ।

तर कुनै रेलगाडी चलाइरहेका चालक वा गार्डले त्यस्तो कसूर गरेकोमा निजलाई सो रेलगाडी पुग्नुपर्ने अन्तिम ष्टेशनमा नपुग्दै बीचैमा पक्राउ गर्न सकिने छैन । त्यस्तो व्यक्ति भाग्न उम्कन नपाउने गरी पुलिस कर्मचारीहरू साथै लगी गै उक्त स्थानमा रेलगाडी पुगेपछिमात्र कानून बमोजिम गर्नु गराउनु पर्छ ।

१७. मुद्दा हेर्नेः– ज्यान मरेको वा अंगभंग भएकोमा बाहेक यस ऐन अन्तर्गतको कसूर सम्बन्धी मुद्दा स्थानीय बडाहाकिम वा मेजिष्ट्रेटबाट ठाडै कारवाई गरी किनारा लगाउन सकिनेछ र त्यसमा चित्त नबुझ्नेले कानून बमोजिम सर्वोच्च अदालतमा अपील गर्न पाउँनेछ ।

१८. उजुर गर्ने हद म्यादः– दफा ७ बमोजिम सजाय हुने कसूर गरेकोमा बाहेक यस ऐन बमोजिम सजाय हुने अरू कुनै कसूरमा सो भए गरेको ३५ दिनभित्र नालिश नदिए लाग्न सक्तैन ।

१९. नियम बनाउने अधिकारः– यस ऐनको उद्देश्य कार्यान्वित गर्न श्री ५ को सरकारले नियम बनाउन सक्नेछ ।

723
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२०. यस ऐनमा नलेखिए जति प्रचलित कानून बमोजिम हुनेः– यस ऐनमा लेखिए जति कुरामा सोही बमोजिम र यस ऐनमा नलेखिएको कुरामा प्रचलित नेपाल कानून बमोजिम गर्नु पर्छ ।

लालमोहर सदर मितिः– २०२०।४।३२।६

आज्ञाले–
विनोदप्रसाद धिताल
श्री ५ को सरकारको सह–सचिव,
कानून तथा न्याय मन्त्रालय ।

श्री ५ को सरकार
कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मत्तिले बनाइबक्सेको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०२० सालको ऐन नं. ६

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला ओजस्विराजन्य अति तेजस्वी त्रिभुवन प्रजातन्त्रश्रीपद अति कीर्तिमय नेपालश्रीपद प्रोज्ज्वल नेपालतारा ॐ रामपट्ट अतुलज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबल गोरखा-दक्षिणबाहु महाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

सवारी सम्बन्धी प्रचलित नेपाल कानूनलाई संशोधन र एकीकरण गर्न बनेको ऐन

प्रस्तावना :– सार्वजनिक हित तथा सर्वसाधारण जनताको सुविधाको लागि सवारी सम्बन्धी प्रचलित नेपाल कानूनको छानवीन गरी देश, काल एवं परिस्थिति अनुसार सो कानूनलाई आवश्यक संशोधन र एकीकरण गर्न वान्छनीय भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेकोछ ।

५३०
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।